स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) भिमाद जेठ ०६ गते, २०७७ साल (संख्या २

भाग २

भिमाद नगरपालिकाको सूचना

## भिमाद नगरपालिकाको नगर शिक्षा (चौथो संशोधन) नियमावली, २०७७

भिमाद नगरपालिकाको नगर शिक्षा नियमावली, २०७५ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम " भिमाद नगरपालिकाको नगर शिक्षा (चौथो संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिच्छेद-१३ को नियम ७३ को उपनियम (४) मा संशोधन

(१) उपनियम (४) को खण्ड (ख) को "घर वा जग्गा" भन्ने वाक्यांश पछि देहाय वमोजिमको वाक्यांश थप गरिएको छ ।

"१ देखि ३ कक्षा सञ्चालन भएको आधारभूत विद्यालय भए रु. १५ लाख वा सो मूल्य वरावरको घर वा जग्गा, १ देखि ५ सम्म कक्षा सञ्चालन भएको आधारभूत विद्यालय भए रु. २० लाख वा सो मूल्य बराबरको घर वा जग्गा र १ देखि ८ कक्षा सञ्चालन भएको आधारभूत विद्यालय भए रु. ३५ लाख वा सो मूल्य बराबरको घर वा जग्गा"

प्रमाणीकरण मितिः २०७७/०२/०६

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत